**मिति २०७७/१२/२९ गतेको ५० औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

प्रस्ताव नं १ : ४९ औं गाउँ कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २ : सहजिकरण समिती गठन सम्बन्धमा ।

प्रस्ताव नं ३: कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ४ : योजना सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं ५ : रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं ६: कोभिड १९ बाट सुरक्षित रहन स्वास्थ्य मापदण्ड अपनाउने सम्बन्धमा।

प्रस्ताव नं ७: सहयोग सम्बन्धमा ।

प्रस्ताव नं ८: मल्लरानी गाउँपालिकाको संस्थागत क्षमता सुधार कार्ययोजना २०७७/०७८ पारित गर्ने सम्बन्धमा ।

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खलंगा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपी २०७७/१२/३१ बालकृष्ण थापा प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरुः**

निर्णय नं १ : प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०७७ साल चैत्र २० गते बसेको ४९ औं बैठकको निर्णयको समिक्षा तपसिल बमोजिम गरीयो ।

- गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्यांकनका लागी आवश्यक प्रमाणिकरणका सूचकहरुलाई आगामी आ.व. को नीति तथा कार्यक्रममा समावेश गरी बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरीयो ।

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्न स्थानीय तहमा देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ बमोजिम गठन गरियो ।

<u>देहायः</u>

| | | |
|---|---|---|
| अमरध्वज राना मगर | गाउँपालिका अध्यक्ष | - संयोजक |
| सरिता जि.सी | गाउँपालिका उपाध्यक्ष | - उप संयोजक |
| राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको व्यक्ति | नेकपा एमाले | - सदस्य |
| राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको व्यक्ति | नेपाली कांग्रेस | - सदस्य |
| राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको व्यक्ति | ऐ. नेकपा माओवादी | - सदस्य |
| सिता पुन | कार्यपालिका सदस्य महिला | - सदस्य |
| सुकमेली दमै | कार्यपालिका सदस्य दलित | - सदस्य |
| ईमानसिंह भारती (मनोनित सम्बन्धित विषयमा कार्यरत ) | पुरुष प्रतिनिधी | - सदस्य |
| यमा बोहरा मनोनित सम्बन्धित विषमा कार्यरत | महिला प्रतिनिधी | - सदस्य |
| बालकृष्ण थापा | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

साथै राष्ट्रिय मान्यता प्राप्त राजनितक दलका प्रमुख वा निजले तोकेको व्यक्ति ३ जना सदस्य मनोनितका लागी पार्टि कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो र स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाम नाक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन ५ वटै वडामा तपसिलको वडा स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ बमोजिम गठन गरियो ।

<u>तपसिलः</u>

वडा नं १ :

चिन्ता बहादुर राहूँ - वडा अध्यक्ष

Scanned with CamScanner

देवकला पुन - सदस्य
सुर्य बहादुर सार्की - सदस्य
कमल पौडेल - सदस्य
मनकला विक - सदस्य
चन्द्रकला पुन - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका महिला प्रतिनिधी)
चेतमान आचार्य - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका पुरुष प्रतिनिधी)
वडा सचिव - सदस्य सचिव

प्रमाणित प्रतिलिपि
२०७८।१२।३१
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत
मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छलंगा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

वडा नं २ :
लेख बहादुर थापा - वडा अध्यक्ष
सिता पुन - सदस्य
गणेश बहादुर जि.सी - सदस्य
आत्माराम खत्री - सदस्य
सिता नेपाली - सदस्य
शारदा राना के.सी. - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका महिला प्रतिनिधी)
लेखराज शर्मा - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका पुरुष प्रतिनिधी)
वडा सचिव - सदस्य सचिव

वडा नं ३ :
गिरिराज पौडेल - वडा अध्यक्ष
सुकमेली दमै - सदस्य
मेघराज आचार्य - सदस्य
कुमारी वि.क - सदस्य
तेज प्रसाद श्रेष्ठ - सदस्य
शोभा अधिकारी - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका महिला प्रतिनिधी)
यम वहादुर पुन - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका पुरुष प्रतिनिधी)
वडा सचिव - सदस्य सचिव

वडा नं ४ :
कुमार श्रेष्ठ - अध्यक्ष
हुमा कुमारी आचार्य - सदस्य
शिव वहादुर वस्नेत - सदस्य
राजकुमार श्रेष्ठ - सदस्य
उजेली वि.क. - सदस्य
लक्ष्मी श्रेष्ठ - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका महिला प्रतिनिधी)
भुवन शाह - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका पुरुष प्रतिनिधी)
वडा सचिव - सदस्य सचिव

Scanned with CamScanner

वडा नं ५ :

राम बहादुर थापा - अध्यक्ष

विश्रा देवि थापा - सदस्य

पुतला नेपाली - सदस्य

सुर्य बहादुर दर्लामी - सदस्य

गोविन्द पन्त - सदस्य

नारायणी बस्नेत - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका महिला प्रतिनिधी)

टहल सिंह राना - सदस्य ( सम्बन्धीत वडा अध्यक्षको सिफारिसमा स्थानीय तहको अध्यक्षले मनोनयन गरेको भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेको संस्था वा नागरिक समाजका पुरुष प्रतिनिधी)

वडा सचिव - सदस्य सचिव

प्रमाणित प्रतिलिपि
२०७७।१२।३१
धर्मकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत
मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, नेपाल

साथै गठित समितिहरुको जानकारी नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति प्यूठानमा पठाउने निर्णय गरीयो ।

**निर्णय नं ३ :** प्रस्ताव नं ३ माथि छलफल गर्दा भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाम नक्सा गर्ने कार्यका लागी विवरण तयार तथा तथ्याङ्क संकलका लागी गाउँपालिकामा ईकाई स्थापना गर्ने निर्णय गरियो । साथै सो इकाईमा सम्पर्क व्यक्तिको रुपमा यस गाउँपालिकाको तर्फबाट गाउँपालिकामा कार्यरत श्रोत व्यक्ति श्री दिनामणी पौडेललाई तोक्ने साथै सो को जानकारी नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति प्यूठानमा पठाउने निर्णय गरीयो ।

**निर्णय नं ४:** प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिका/शाखा र सबै वडामा रहेको योजनाहरु मध्य हाल सम्म सम्झौता हुन नसकेको योजनाहरु २०७७ बैशाख १० गते सम्म गाउँपालिकामा आई सम्झौता गरिसक्नुपर्ने निर्णय गरियो साथै हाल सम्झौता भएर समय सकिएका योजनाहरुको स्थलगत अनुगमन गरी सो को प्रतिवेदन समेत राखी गाउँपालिकामा भुक्तानीको लागी पेश गर्न र सो समय सम्म सम्झौता हुन नसक्ने योजनाको उपयुक्त कारण सहित गाउँपालिकामा पत्राचार गरी जानकारी गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:** प्रस्ताव नं ५ माथि छलफल गर्दा मल्लरानी गाउँपालिका वडा नं ३ अन्तर्गतको योजना ठूलापोखरा जुकेना खत्रीटोला मो.बा मा विनियोजिक रकम रु ५०००० लाई शिर्षेगैरा मुण्डाडा चुँजाठाँटी मो बा मर्मतमा रहमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** प्रस्ताव नं ६ माथि छलफल गर्दा कोभिड १९ को पुनः प्रभाव छिमेकी देश भारतमा महामारी फैलिए संगै नेपालमा संक्रमण बढ्ने जोखिमलाई मध्यनजर गर्दै गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, गाउँपालिका भित्र सञ्चालन भएका विद्यालयका सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी, शिक्षक, विद्यार्थि, स्वास्थ्यकर्मी लगायत गाउँबासीहरुमा स्वास्थ्य मापदण्ड अपनाई सुरक्षित भई कार्यालय सञ्चालन तथा पठन पाठन र आफ्नो दैनिकी सञ्चालन गर्नका लागी पत्राचार तथा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:** प्रस्ताव नं ७ माथि छलफल गर्दा बैतडि जिल्ला सिगास गाउँपालिका वडा नं ९ निबासी मनोज चन्द ले देशव्यापी रुपमा आफ्नो बहुलेखन कला(हात, खुट्टा, मुख, कुईना) ले उल्टो सुल्टो एकै पटक लेख्न सक्ने कलालाई गिनिज बुक अफ द वल्ड रेकर्डमा नाम लेखाउनका लागी रकम माग गर्नुभएको निवेदन उपर उहाँको कला प्रस्तुतिकरण पछि यस गाउँपालिकाबाट उपलब्ध गराईएको नगद सहयोग रु. १५,०००/- लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:** प्रस्ताव नं ८ माथि छलफल गर्दा मल्लरानी गाउँपालिकाको संलग्न संस्थागत क्षमता सुधार कार्ययोजना २०७७/०७८ सर्वसम्मतले पारित गर्ने निर्णय गरियो साथै सो कार्ययोजना कार्यान्वयनको जिम्मेवार निकाय/शाखा/पक्ष लाई सो कार्ययोजना संलग्न गरी तोकिएको समय सीमा भित्र कार्यान्वयन गर्न पत्राचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner